## विद्यमान कानूनमा उद्योग व्यवसायलाई प्रदान गरिएको सेवा, सुविधा सम्बन्धी व्यवस्था :-

| सि.नं. | विद्यमान ऐन, नियम | भएको व्यवस्था |
|---|---|---|
| **आर्थिक ऐन, २०७३** | | |
| १. | दफा २७, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १, समूह ११, (आ) (ग) को सि.नं.७ (पेज नं. १२७)। | उद्योग विभागको सिफारिशमा जुट उद्योगले आफ्नो उद्योगको संचालनको लागि पैठारी गर्ने स्पेयर पार्ट्समा कर छुटको व्यवस्था । |
| २. | दफा २८, अन्तःशुल्क ऐन, २०५८ को दफा २५ अनुसूचीको द्रष्टव्यको सि.नं. (पेज नं. २१५ र २१६) । | (५) मार्बलको स्थानीय उत्पादनमा अन्तःशुल्क लाग्ने छैन ।<br>(७) मोटर साइकलको स्थानीय उत्पादनमा पचास प्रतिशत र अन्य सवारी साधनको स्थानीय उत्पादनमा लाग्ने अन्तःशुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ ।<br>(९) औद्योगिक नीति, २०६७ को अनुसूची-९ मा उल्लेख भएका अति अविकसित क्षेत्रमा स्थापित स्थानीय फलफूलमा आधारित उद्योगबाट उत्पादित ब्राण्डीको उत्पादनमा यस अन्तःशुल्क दरबन्दी अनुसार लाग्ने अन्तःशुल्कमा असी प्रतिशत छुट हुनेछ ।<br>(१३) शीर्षक ८५.०७ अन्तर्गत पर्ने लिड एसिड व्याट्रीको आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्ने छैन ।<br>(१५) हाते मेशिन तथा घरेलु प्रविधिबाट उत्पादन गरिने सिन्के चाउचाउ उद्योगबाट उत्पादित (Ready to Eat नभएको) काँचो वस्तुमा अन्तःशुल्क लाग्ने छैन । |
| ३. | दफा २८, अन्तःशुल्क ऐन, २०५८ को दफा २५ अनुसूचीको द्रष्टव्यको सि.नं.१६ (पेज नं. २१६) । | उद्योगले पैठारी गर्ने शीर्षक ७२.१३ को उप-शीर्षक ७२१३.९१.१० को M. S. Wire Rod in Coil कच्चा पदार्थमा उद्योग विभागको सिफारिशमा अन्तःशुल्क छुट दिइनेछ । |
| ४. | दफा ३१, भन्सार ऐन, २०६४ को अनुसूची १ को सि.नं.११ ( पेज नं. ३३९) । | **निर्यात हुने वस्तुको कच्चा पदार्थ धरौटीमा पैठारी गर्न सकिने :**<br>बण्डेड वेयर हाउसको इजाजत नलिएका उद्योगहरूले आफ्नो उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैकिङ्ग कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा लाग्ने भन्सार महसुल निम्न लिखित शर्त र कार्यविधिको अधीनमा रही धरौटी राखी पैठारी गर्न पाउनेछ । नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलको हकमा उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी सुविधा दिन सिफारिस गरेको अवस्थामा मात्र यस्तो सुविधा दिइनेछ ।<br>तर मदिरा, चुरोट तथा सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरुलाई यो सुविधा दिइने छैन । |
| ५. | दफा ३१, भन्सार ऐन, २०६४ को अनुसूची १ को सि.नं. १४ ( पेज नं. ३५१, ३५२, ३५३)। | **भन्सार महसुल पूर्ण छुट हुने :**<br>(१)(क) आंशिक चहकिलो पारिएको धागो (पी.ओ.वाई) उत्पादन गर्ने उद्योगले उद्योग विभागले तोकेको हदसम्मका कच्चा पदार्थका खपत अनुपात, स्वदेशमा हुने उपभोग एवं विदेशमा हुने निकासीको आधारमा उद्योगले पैठारी गर्ने उपशीर्षक ३९०७.६०.०० मा पर्ने Pet Chips ।<br>(ख) जुट उद्योगले पैठारी गर्ने कच्चा जुट ।<br>(छ) मूल्य अभिवृद्धि करमा दर्ता भएका धागो उद्योगहरूले पैठारी गर्ने मानव निर्मित स्टेपुल फाइवर । |
| ६. | दफा ३१, भन्सार ऐन, २०६४ को अनुसूची १ को सि.नं. १४ ( | **(२) भन्सार महसुल लुल एक प्रीतिशत मात्र लाग्ने :**<br>(ख) दाना तथा पशुपंक्षी उद्योगहरूले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने माछाका टुक्राटाक्री वा धुलो र सिपिको टुक्रा; फिड सप्लीमेन्टको कच्चा पदार्थ; फिड सप्लीमेन्ट; चून ढुंगाको धुलो । |

| | | |
|---|---|---|
| | पेज नं. ३५४-३६६)। | (ग) मसी बनाउने उद्योग र मसलन्द उद्योगले पैठारी गर्ने ०.३३ लिटरसम्मको बोतल ।<br>(ङ) उद्योगले पैठारी गर्ने यन्त्र उपकरण एवं औजारहरू र तिनका पार्टपूर्जा ।<br>(च) टायर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने सम्पूर्ण कच्चा पदार्थ एवं सहायक कच्चापदार्थहरू ।<br>(छ) यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका डिजेल तथा पेट्रोलबाट चल्ने टेम्पोलाई ब्याट्रीबाट सञ्चालन गरी सफा टेम्पो बनाउने प्रयोजनका लागि यस्ता उद्योग वा टेम्पोधनीले पैठारी गर्ने यन्त्र तथा उपकरण ।<br>(ञ) तयारी पोशाक निर्यात गर्ने उद्योगहरूले पैठारी गर्ने भ्याकुम आइरनिङ टेवुल र स्टीम आइरन ।<br>(ट) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने सेपरेटर; मिल्क चिलिङ भ्याट; लिक्वीड नाइट्रोजन; औद्योगिक रेफ्रिजरेटर; लिक्वीड नाइट्रोजन राख्ने कन्टेनर । यस्ता यन्त्र उपकरणहरू सि.के.डी. वा एस.के.डी. रूपमा पैठारी हुँदा द्विविधा पर्न गएमा पैठारी गर्दाकै अवस्थामा एक प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल बापतको बैङ्क ग्यारेण्टी लिने र उक्त यन्त्रोपकरण जडान भइसकेपछि मेशिन ठहरिएमा उक्त बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ ।<br>(ड) चिया उद्योगले पैठारी गर्ने उपकरण र पार्टपुर्जाहरू; चिया प्याकिङ्गको लागि उद्योगको नाम छपाई पैठारी गर्ने प्याकिङ्ग मेटेरियल ।<br>(ढ) दर्ता भएका मत्स्य फार्महरूले पैठारी गर्ने तयारी जालहरू; जाल बनाउन प्रयोग गरिने नाइलन धागो र माछा पाल्ने तयारी केजहरू; पम्पसेट, एरेटर; मत्स्य विष एवं मत्स्य प्रजननका लागि आवश्यक हार्मोन ।<br>(ण) कृषि, वागवानी तथा पुष्प फार्महरूले पैठारी गर्ने ग्रिन हाउस, सिँचाइ उपकरण र यस्तै अन्य यन्त्र उपकरण ।<br>(त) मूल्य अभिवृद्धि करमा दर्ता भएका जेनेरेटर उत्पादन गर्ने उद्योगहरूले पैठारी गर्ने जेनरेटिङ पार्टस् ।<br>(थ) उद्योगहरूले प्रदूषण नियन्त्रणका लागि पैठारी गर्ने संयन्त्र र उपकरण ।<br>(द) मौरी पालन उद्योगले पैठारी गर्ने मौरी पालनको लागि आवश्यक पर्ने मेटल व्यारल; मौरी ब्रुस; आधार चाका रोलर;  गियर पम्प; व्हील प्लेट र रानी छेक्ने पाता ।<br>(ध) तयारी गहना बनाई विदेश निकासी गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक २५३०.९०.०० मा पर्ने कच्चा एम्बर (Raw Amber) ।<br>(न) नेपालमा प्रयोग भईसकेका पुराना व्याट्री तथा विद्युत सञ्चय गर्ने एकुमुलेटरको पुनःप्रशोधन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले स्वीकृत स्किम बमोजिम पैठारी गर्ने मिल मेशिनरी तथा उपकरण ।<br>(प) प्रयोग भईसकेका झुत्रा प्लाष्टिक तथा प्लाष्टिकका पत्रुलाई पुनः प्रशोधन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले स्वीकृत स्किम बमोजिम पैठारी गर्ने मिल मेशिनरी तथा उपकरण ।<br>(फ) औषधी उत्पादन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने उपशीर्षक ९०१६.००.०० मा पर्ने तराजुहरु ।<br>(ब) प्लाष्टिकको झोला उत्पादन गरिरहेका उद्योगले सो को विकल्पमा जूट, कागज वा कपडाबाट झोला बनाउने गरी उद्योगको स्वरुपमा परिवर्तन गर्न चाहेमा सो को लागि आवश्यक पर्ने सोही उद्योगले पैठारी गर्ने मेशिन तथा यन्त्र उपकरण ।<br>(भ) बालीनालीमा प्रयोग हुने जैवीक विषादी उत्पादन गर्ने उद्योगले पैठारी गर्ने मेशिनरी तथा यन्त्र उपकरण ।<br>(य) ग्याँस सिलिण्डरको भल्भ बनाउने उद्देश्यले दर्ता भएका उद्योगले आफ्नै प्रयोजनको निमित्त पैठारी गर्ने पित्तलको डण्डी ।<br>(३)भन्सार महसुलुलुल आंशिक छुट हुने :-<br>(क) कार्पेट उद्योगहरूले पैठारी गर्ने स्टेपुल फाइवरमा लाग्ने भन्सार महसुलमा नब्बे प्रतिशत छुट दिइनेछ ।<br>(ग) भाग ८४ को पाँच प्रतिशत भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने वाहेकका मिल, मेशिनरी एवं यन्त्रोपकरणहरु र उद्योग विभागको स्वीकृत स्किम बमोजिम सी.के.डी. वा एस.के.डी. अवस्थामा पटक पटक पैठारी हुने मिल मेशिनरीका मुख्य अवयव एवं तीनका पहिचानयोग्य अंगहरु एवं सहायक समग्रीहरुमा चार प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । भाग ७३ मा पर्ने मेकानिकल संयन्त्र जडान नगरिएका भण्डारण टंकीहरु (स्टोरेज ट्याङ्क),  ग्राइण्डिङ वल (पेषण गुटिका), फलाम वा स्पातका पाइपहरु तथा भाग ६९ मा पर्ने ताप सहन गर्न सक्ने ईटा एवं विद्युतीय प्रसारण लाइनमा जडान गरिने ट्रान्सफरमरहरु जस्ता मालस्तुहरुमा यो सुविधा प्रदान नगरी दरवन्दी बमोजिम नै महसुल असुल गरिनेछ । जगेडा वा प्रतिस्थापनको लागि पैठारी हुने मिल मेशिनरी यन्त्र उपकरणका पार्टपुर्जा एवं सहायक सामग्रीहरुमा पनि यो सुविधा नदिई दरवन्दी बमोजिम कै महसुल लाग्नेछ । तर, पुराना वा प्रयोग भइसकेका मिल मेशिनरी यन्त्रोपकरणमा यस खण्ड बमोजिमको छुट दिइने छैन ।<br>(घ) कर्न फ्लेक्स, ओट्स, मुस्ली, पोरीज, ह्विट फ्लेक्स जस्ता ब्रेक फास्ट सेरियल्स उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भूस सहितको ओट्स पैठारी गरेमा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । |

| | | |
|---|---|---|
| | | (ङ) डेरी उद्योगले दूध ढुवानी गर्न प्रयोग हुने चेसिसमा जडित तयारी ट्याङ्क पैठारी नगरी चेसिस पैठारी गरेमा त्यस्तो चेसिस पैठारी गर्दा लाग्ने भन्सार महसुल धरौटीमा लिइनेछ र छ महिनाभित्र सो चेसिसमा ट्याङ्क जडान गरी यातायात व्यवस्था कार्यालयमा दर्ता गरी सोही अवधिभित्र सम्बन्धित भन्सार कार्यालयमा सोको प्रमाण पेश गरेपछि महसुल असुल गरी बाँकी धरौटी रकम फिर्ता गरिनेछ । यस्ता ट्याङ्क दूध ढुवानी प्रयोजनको लागि अन्य डेरी उद्योगलाई बिक्री गर्दा समेत भन्सार महसुल लाग्नेछैन । दूध ढुवानी गर्ने कार्यदेखि बाहेक अन्य प्रयोजनको लागि बिक्री गर्ने भएमा वा आफैले अन्य प्रयोगमा ल्याउन चाहेमा कानून बमोजिम लाग्ने महसुल तिरी बिक्री गर्न वा अन्य प्रयोजनमा ल्याउन पाइनेछ । सो बमोजिम नगरी अन्य प्रयोगमा ल्याएको पाइएमा त्यस्तो ट्याङ्क जफत गरिनेछ ।<br>(च) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगहरूले पोलिकोटिङ्ग पेपर वा प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्न आवश्यक पर्ने परिमाणसम्मको पोलिष्टर फिल्म, वि. ओ. पी. पी.फिल्म, एक्स्ट्रुटेड पोलिफिल्म मेटालाइज्ड सी.पी.पी. फिल्म र मिल्की सी.पी.पी. फिल्म पैठारी गर्दा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।<br>(छ) तरल पेट्रोलियम (एल.पी.) ग्याँस पैठारी गर्दा पाँच प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।<br>(ञ) नेपालमा केवुल कार सञ्चालन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने केवुल (लट्ठा) र तयारी क्याव वा क्याव निर्माण गर्न आवश्यक पर्ने स्टील पाता पैठारी गर्दा चार प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।<br>(ट) युपीभीसीको झ्याल ढोका पार्टीशन लगायत विभिन्न सामान उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने मालवस्तु ।<br>(ण) उद्योगले सूर्यमुखीको तेल उत्पादन गर्न पैठारी गर्ने सूर्यमुखीको गेडा; दाना तथा पशुपंक्षी उद्योगले पैठारी गर्ने भटमासको पिना तथा उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने मकैको गेडा तथा उखुमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट र कृषि सुधार शुल्कको हकमा अठ्सट्ठी प्रतिशत छुट हुनेछ ।<br>(त) भटमासको गेडाबाट तेल र पिना दुवै उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भटमासको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट र कृषि सुधार शुल्कको हकमा शत प्रतिशत छुटहुनेछ ।<br>(थ) उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने प्लाष्टिकका परिवेष्टन (प्याक) गर्ने ट्यूवहरूमा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत छुट हुनेछ ।<br>(द) स्पिलिटिङ्ग एवं डिस्टिलेशन प्लान्ट राखी डिस्टिल्ड फेट्टि एसिड, स्टेरिक एसिड, ग्लिसरिन तथा सावुन उत्पादन गर्ने उद्योगले पैठारी गर्ने टेलो आयल, सोडियम सिलिकेट र पाम एसिड आयल र एसिड आयल, पाम फेट्टी एसिडमा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट हुनेछ ।<br>(ध) वनस्पति घ्यू तथा तेल उत्पादन गर्ने स्वदेशी उत्पादन मूलक उद्योगले पैठारी गर्ने कच्चा सोयाविन तेल, कच्चा सूर्यमूखीको तेल, कच्चा पाम आयल र कच्चा पामओलिनको पैठारीमा दुई दशमलव पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।<br>(फ) कम्तीमा एक हेक्टर क्षेत्रफलमा माछा पालन गरेका मत्स्य फार्महरुले जीवित माछाहरु एवं माछाका भुराहरु ढुवानी गर्ने गरी तयार गरेका अक्सिजन संयन्त्र जडित ढुवानी साधनमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।<br>(भ) पूर्वनिर्मित भवन (प्रिफेब्रिकेटेड विल्डिङ) निर्माण गर्ने गरी दर्ता भएका उद्योगहरुले त्यस्ता भवन निर्माण गर्नको लागि पैठारी गर्ने स्लिट स्टील क्वाइलमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।<br>(म) दाल उत्पादन गर्ने उद्योगले पैठारी गर्ने मुंग र मास; रहर तथा मुसुरोको दाना पैठारी गर्दा लाग्ने भन्सार महसुल र कृषि सुधार शुल्कमा पचास प्रतिशत छुट हुनेछ ।<br>(य) उद्योगले आफ्नो उद्योगको नाम समेत मुद्रण गरी पैठारी गर्ने मालवस्तुमा पन्ध्र प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।<br>(र) ग्रिज र लुब्रिकेटिङ्ग आयल उत्पादन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने बेस आयलमा पन्ध्र प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।<br>(व) नेपालमा विद्युतीय रिक्सा उत्पादन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले आफ्नो उत्पादन प्रयोजनका निमित्त आफैले पैठारी गर्ने विद्युतीय रिक्सामा प्रयोग हुने पार्टपुर्जा र सहायक सामग्रीहरु पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ । |
| ७. | दफा ३१, भन्सार ऐन, २०६४ को अनुसूची १ को सि.नं. १५ ( पेज नं. ३७०-३८९)। | (१) **भन्सार महसुल पूर्ण छुट हुने :**<br>(ज) उद्योग विभागको सिफारिसमा जुट उद्योगले आफ्नो उद्योगको सञ्चालनको लागि पैठारी गर्ने स्पेयर पार्टहरू ।<br>**(२) भन्सार महसुल एक प्रतिशत मात्र लाग्ने :**<br>(घ) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५क. मा जुनसुकै कुरा लेखिएको भए तापनि देशको आन्तरिक तथा बाह्य कारणले राम्रोसँग चल्न नसकी ठूलो |

| | | |
|---|---|---|
| | | नोक्सानी व्यहोर्नु परेका उद्योगहरूको प्रवर्द्धन तथा सुधारको लागि नेपाल सरकारले निश्चित मापदण्ड निर्धारण गरेर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई रूग्ण उद्योग घोषणा गरी त्यस्ता उद्योगलाई सोही सूचनामा तोकिएको निकायको सिफारिसमा त्यस्ता रूग्ण उद्योगहरूको पुनर्स्थापनाको लागि पैठारी गर्ने भाग ८४ अन्तर्गत पर्ने औद्योगिक मेशिनरी र पार्टपुर्जा ।<br>(ङ) पशु सेवा विभागको सिफारिसमा देहाय बमोजिमका मालवस्तुहरू :-<br>(अ) दाना तथा पशुपक्षी उद्योगहरूले पैठारी गर्ने भाग २८, २९ र ३० मा पर्ने कच्चापदार्थ तथा सहायक कच्चापदार्थ एवं प्याकिङ्ग मेटेरियल । यसरी सिफारिस गर्दा एक आर्थिक वर्षमा खपत हुन सक्ने परिमाण एकैपटक सिफारिस गर्न सक्नेछ । यस्तो सुविधा अनुसार पैठारी गर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ एवं उद्योगको ट्रेडमार्क अङ्कित प्याकिङ्ग मेटेरियलको सिफारिस गर्दा पशु सेवा विभागले खपत अनुपात र विक्री एवं विदेश निकासी भएको परिमाणको आधारमा गर्नु पर्नेछ ।<br>(ई) गोबरबाट विद्युत उत्पादन गर्ने ब्याट्री बनाउने उद्योगले पैठारी गर्ने कच्चापदार्थ (उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्म) सो ब्याट्री बनाउन आवश्यक कच्चापदार्थहरू भनी उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागबाट सिफारिस भई आएका कच्चापदार्थहरू ।<br>(च) पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपालबाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,<br>(छ) वैकल्पिक उर्जाका स्रोत सम्बन्धी देहाय बमोजिमका मालवस्तुहरू :-<br>(अ) वैकल्पिक उर्जाको स्रोत, जस्तै हावाबाट विद्युत उत्पादन गर्ने हावा मिल र हावा मिलका एसेसरिज र पार्टपुर्जा,<br>(आ) दरवन्दीमा माफी जनिए बाहेकका सौर्य शक्तिबाट विद्युत उत्पादन गर्न प्रयोग हुने निम्न उपकरणहरू:-<br>(१) सोलार प्यानल र मोड्यूल; सोलार चार्ज कन्ट्रोलर,<br>(२) सफा टेम्पोको व्याट्री उत्पादन गर्न आवश्यक पर्ने एण्टिमोनियल लिड एल्वाय इन्गट, लिड; व्याट्रीवक्स, सेपरेटर र ट्यूवलर,<br>(३) व्याट्रीबाट चल्ने पानी तान्ने पम्प (डी.सी. पम्प),<br>(४) सौर्य ताप ऊर्जा सम्बन्धी उपकरणहरू:<br>(५) असी प्रतिशत भन्दा बढी क्षमता भएको सोलार इन्भर्टर ।<br>(६) सौर्य टुकीमा प्रयोग हुने १२ भन्दा कम भोल्ट र १० भन्दा कम एम्पीयर क्षमताका लिथियम आयन व्याट्री ।<br>(ण) औषधी व्यवस्था विभागको सिफारिसमा औषधी उद्योगले पैठारी गर्ने भाग २८, २९ र ३८ मा पर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ र रासायनिक पदार्थ; प्याकिङ मेटेरियल तथा १५ एम.एल. सम्म क्षमताका मेजरिङ्ग कपहरू ।<br>यस्तो सिफारिस गर्दा औषधी व्यवस्था विभागले कच्चापदार्थको खपत अनुपात, स्वदेशमा हुने उपभोग एवं विदेशमा भएको निकासीको आधारमा एक आर्थिक वर्षको लागि चाहिने परिमाण एकैपटक सिफारिस गर्न सक्नेछ ।<br>(त) विद्युत विकास विभाग वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा जलविद्युत उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा संभारको लागि आवश्यक पर्ने सञ्चालन वा संभारको लागि आवश्यक पर्ने निर्माण उपकरणहरू, मेशिनरी औजारहरू र सोको सम्बन्धित पार्टपुर्जाहरू तथा त्यस्ता उपकरणहरू निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट) ।<br>(३) भन्सार महसुल आंशिक छुट हुने<br>(क) मसी बनाउने उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्ने रासायनिक पदार्थमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट दिइनेछ ।<br>(ख) स्वदेशी मुद्रण (प्रेस) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि पैठारी गर्ने मसीमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।<br>(ठ) सिरिन्ज उत्पादन गर्ने उद्योग र प्लाष्टिक दाना प्रयोग गरी सोझै स्लाइन पानी उत्पादन गर्ने उद्योगले आवश्यक पर्ने परिमाणसम्मको प्लाष्टिक दानामा उद्योग विभागको सिफारिसमा पैठारी गर्दा दुई दशमलव पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । उद्योग विभागले यसरी सिफारिस गर्दा उद्योगले उत्पादन तथा विक्री गरेको सिरिन्ज वा स्लाइन वोतलको परिमाण, ती वस्तुहरु उत्पादन गर्दा लाग्ने प्लाष्टिक दानाको परिमाण एवं खपत अनुपात समेतका आधारमा एक आर्थिक वर्षको लागि आवश्यक पर्ने प्लाष्टिक दानाको परिमाण एकैपटक सिफारिस गर्नुपर्नेछ ।<br>(ड) मुटुको शल्यक्रिया गर्दा प्रयोग हुने कष्टम ट्यूविङ्ग प्याक (सी.टि.पी) उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको लागि आवश्यक पर्ने परिमाणसम्मको मेडिकल पी.भि.सी. ट्यूव र सो को सहायक सामग्रीहरु उद्योग विभागको सिफारिसमा पैठारी गर्दा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । |
| | | (९) दुई पक्षीय सन्धिमा असर नपर्ने गरी प्रयोग भइसकेको औद्योगिक मेशिनरी यन्त्र एवं उपकरणहरू विदेशमा बिक्री गर्न चाहेमा बिक्री बापतको विदेशी मुद्रा अग्रीम रूपमा प्राप्त भई सकेको वा सो बापत खोलिएको प्रतीतपत्रको आधारमा उद्योग विभागको सिफारिसमा निकासी गर्न दिइनेछ । (पेज नं.४००) |

| | | |
|---|---|---|
| ८. | दफा ३१, भन्सार ऐन, २०६४ को अनुसूची १ को सि.नं. १७ ( पेज नं. ३९३)। | **भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्ण छुट हुने :**<br>(क) प्रजननका लागि पैठारी हुने (प्यारेन्ट स्टक) चल्लाहरु ।<br>(ख) पुष्प फार्महरूले पैठारी गर्ने फूलका विरूवा र कलमी विरूवाहरू; फूलका गाना तथा जराहरू र फूलको बीउ बीजन ।<br>(ग) कुखुराको दाना उत्पादन गर्ने उद्योग वा ह्याचरी फर्महरूले पैठारी गर्ने कुखुराको दानामा प्रयोग हुने हाडको धूलो र अवशेषहरू ।<br>(घ) नेपालमा जैविक मल उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले जैविक मलको उत्पादनका लागि पैठारी गर्ने निमखली र अण्डीखली ।<br>(ङ) जैविक इन्धन उत्पादनको लागि पैठारी गरिने सजिवन (Jatropha) को दाना तथा वीउ (सिड्स्) । |
| **औद्योगिक व्यवसाय ऐन, २०७३** | | |
| १. | दफा २२ | **आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियत :**<br>(१) यस ऐन अर्न्तगत दर्ता भएको उद्योगलाई देहाय बमोजिमको आयकर छुट, सुविधा वा सहुलियत प्रदान गरिनेछ :-<br>(क) उत्पादनमूलक उद्योगबाट आर्जित आयमा लाग्ने करको दरमा बीस प्रतिशतले छुट हुनेछ ।<br>(ख) सडक, पुल, सुरुङ्ग, रोपवे, रेल्वे, ट्राम, ट्रलीबस, विमानस्थल, औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स जस्ता निर्माणमूलक उद्योगमा लगानी गरी सञ्चालन गरेमा सोबाट प्राप्त आयमा लाग्ने करको दरमा चालीस प्रतिशतले छुट हुनेछ ।<br>(ग) अनुसूची-१० मा उल्लिखित अति अविकसित, अविकसित र कम विकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योग बाहेकका उत्पादनमूलक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार शुरु गरेको मितिले दश वर्षसम्म प्रचलित कानून बमोजिम लाग्ने आयकरको दरमा क्रमशः नब्बे, असी र सत्तरी प्रतिशत छुट पाउनेछ ।<br>तर अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म चालीस प्रतिशत आयकर छुट हुनेछ ।<br>(घ) एक अर्बभन्दा बढीको पूँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने उत्पादनमूलक उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत आयकर छुट हुनेछ ।<br>तर हाल सञ्चालनमा रहेका यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता बृद्धि गरी एक अर्ब पूँजी पुऱ्याई पाँच सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता बृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत आयकर छुट हुनेछ ।<br>(ङ) सम्वत् २०८० साल चैत्र महिनासम्म जलविद्युतको व्यापारिक रुपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले पहिलो दश वर्षसम्म पूरै आयकर छुट पाउने छ र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ । यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत पाउनेछ ।<br>तर यो ऐन प्रारम्भ हुँदाका बखत व्यापारिक उत्पादन प्रारम्भ गरिसकेका अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा अनुमतिपत्र प्राप्त गर्दाका वखतको व्यवस्था लागू हुनेछ ।<br>(च) पेट्रोलियम तथा प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्खनन् गर्ने कारोबार गर्ने व्यक्तिले २०७५ साल चैत्र महिनासम्म व्यापारिक रुपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म पूरै आयकर छुट पाउनेछ र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ ।<br>(छ) दुई अर्बभन्दा बढीको पूँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगलाई र पाँच करोड भन्दा बढीको पूँजी लगानीमा महानगरपालिका र उपमहानगरपालिका बाहेकका क्षेत्रमा स्थापना हुने पूर्वाधारयुक्त होटल, रिसोर्ट जस्ता पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट भई त्यसपछिको तीन वर्षसम्म लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट हुनेछ ।<br>तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले हालको जडित क्षमताको कम्तीमा पच्चीस प्रतिशत क्षमता बृद्धि गरी दुई अर्ब पूँजी पुऱ्याएमा त्यसरी क्षमता बृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट र त्यसपछिको तीन वर्षसम्म लाग्ने आय करको दरमा पचास प्रतिशत छुट हुनेछ ।<br>(ज) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको टेक्नोलोजी पार्क, बायोटेक पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिङ्ग सम्बन्धी उद्योगको आयमा लाग्ने करको पचास प्रतिशत छुट पाउनेछ ।<br>(झ) देहायका संख्यामा नेपाली नागरिकलाई रोजगारी दिने देहायका उद्योगलाई देहाय बमोजिमको छुट सुविधा प्रदान गरिनेछ :- |

| | | |
|---|---|---|
| | | (१) तीन सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग, सूचना तथा सञ्चार प्रविधि उद्योगलाई सो वर्षको आयमा लाग्ने करको पन्ध्र प्रतिशत,<br>(२) बाह्र सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग एवं सूचना तथा सञ्चार प्रविधि उद्योगलाई सो वर्षको आयमा लाग्ने करको पच्चीस प्रतिशत,<br>(३) उपखण्ड (१) वा (२) बमोजिम रोजगारीप्राप्त नेपाली नागरिकहरुमध्ये कम्तीमा पचास प्रतिशत महिला, दलित वा अपाङ्गता भएका व्यक्तिहरु रहेमा त्यस्तो उद्योगलाई सो वर्षको आयमा लाग्ने करमा थप पन्ध्र प्रतिशत ।<br>(ञ) उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरेमा प्राप्त आयमा लाग्ने करको दरमा पच्चीस प्रतिशतले छुट हुनेछ ।<br>(ट) उद्योगले आफ्ना श्रमिक तथा कर्मचारीको दीर्घकालीन हित वा कल्याणकारी कार्यहरु, जस्तैः आवास व्यवस्था, जीवन बीमा, स्वास्थ्य सुविधा,<br>शिक्षा तथा तालिम, शिशु स्याहार केन्द्र र शारीरिक तन्दुरुस्तीका लागि खेलकुद तथा व्यायाममा गरेको खर्च आयकर प्रयोजनको लागि कट्टी गर्न पाउनेछ ।<br>(ठ) प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने वा खेर गएका वस्तुको पुनःप्रशोधन वा पुनःप्रयोग समेत गरी वातावरणमा न्यूनतम असर पार्ने पद्धति तथा उपकरणमा भएको खर्चमध्ये व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतसम्म सोही वर्ष खर्च कट्टी गर्न पाउनेछ । व्यवसायको समायोजित करयोग्य आयको सीमाभन्दा अधिक खर्चलाई आगामी आय वर्षको शुरुमा पूँजीकरण गरी ह्रास कट्टी गर्न सक्नेछ ।<br>(ड) उर्जा दक्षता अभिवृद्धि गरी ऊर्जा खपत घटाउन सघाउ पुऱ्याउने यन्त्र वा उपकरणमा लगानी गरेको सम्पूर्ण खर्च आयकर प्रयोजनको लागि कट्टा गर्न पाउनेछ ।<br>(ढ) उद्योगको उत्पादकत्व अभिवृद्धिको लागि उद्यमशीलता अभिवृद्धि, अनुसन्धान तथा विकास र नयाँ प्रविधि सिर्जना गर्न लागेको खर्चमध्ये सो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतसम्म खर्च कट्टी गर्न सक्नेछ । समायोजित करयोग्य आयको सीमाभन्दा अधिक खर्चलाई आगामी आय वर्षको शुरुमा पूँजीकरण गरी ह्रास कट्टी गर्न सक्नेछ ।<br>(ण) उद्योगले व्यवसायसँग सम्बन्धित बजार प्रवर्द्धन, सर्वेक्षण र विज्ञापनको लागि भएको खर्च आयकरको प्रयोजनको लागि कट्टी गर्न सक्नेछ ।<br>(त) उद्योगको भौतिक सम्पत्तिको सुरक्षा गर्न उद्योगले तोकिए बमोजिमको खर्च र यसको बीमा बापत खूद भुक्तानी भएको प्रिमियम बापतको खर्च आयकरको प्रयोजनको लागि कट्टी गर्न सक्नेछ ।<br>(थ) उद्योगले नेपालमा दर्ता भएको बौद्धिक सम्पत्ति अन्तर्गतको औद्योगिक सम्पत्तिको स्वदेशमा संरक्षण गर्दा लागेको खर्च आयकर प्रयोजनको लागि कट्टी गर्न पाउनेछ ।<br>(द) कुनै उद्योगले नेपालमा सिर्जना भै दर्ता भएको बौद्धिक सम्पत्तिको निर्यातबाट प्राप्त हुने रोयल्टी आयमा लाग्ने आयकरको दरमा पच्चीस प्रतिशतले छुट पाउनेछ ।<br>(ध) कुनै उद्योगले आफूले सिर्जना गरेको बौद्धिक सम्पत्तिको हस्तान्तरण वा बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा पचास प्रतिशतले छुट पाउनेछ ।<br>(न) कुनै उद्योगले आफूले प्राप्त गरेको बौद्धिक सम्पत्ति संरक्षणका लागि विदेशमा दर्ता गर्दा लागेको शुल्क नेपाल सरकारले तोकेबमोजिम शोधभर्ना दिन सक्नेछ ।<br>(प) कुनै उद्योगले कर छुट पाउने संस्थालाई चन्दा वा उपहार दिएको रकममध्ये एक लाख रुपैयाँ वा सो उद्योगको सो आय वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ, सो रकम आयकर प्रयोजनको लागि घटाउन पाउनेछ ।<br>(फ) कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै कार्यको लागि कुनै उद्योगले खर्च गरेको वा चन्दा दिएको रकम आय निर्धारणको प्रयोजनको लागि पूर्ण वा आंशिक रुपमा कट्टी गर्न पाउने गरी तोक्न सक्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूर्तिजन्य उद्योग, मदिराजन्य उद्योग र कत्था वा कच्छ उद्योगले उल्लिखित कुनै पनि छुट तथा सुविधा पाउने छैन ।<br>तर त्यस्ता उद्योगहरुले प्रचलित कानून बमोजिम आफ्ना श्रमिक तथा कर्मचारीको दीर्घकालीन हित वा कल्याणकारी कार्यहरुमा गरेको खर्च, प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने, खेर गएका वस्तुको पुनः प्रशोधन गर्ने, वातावरणमा न्यूनतम असर पार्ने पद्धति तथा उपकरणमा भएको खर्च, उर्जा दक्षतामा अभिवृद्धि गरी उर्जा खपत घटाउन सघाउ पुऱ्याउने यान्त्रिक उपकरणमा लगानी गरेको खर्च, अनुसन्धान तथा विकास खर्च लगायत व्यवसाय प्रवर्द्धनका लागि हुने वास्तविक खर्चहरु कट्टी गर्न पाउनेछन् । |

| | | |
|---|---|---|
| | | (३) एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको उद्योगले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउनेछ । |
| २. | दफा २३ | **मूल्य अभिवृद्धि कर र भन्सार महसुल सम्बन्धी छुट, सुविधा वा सहुलियत :**<br>यस ऐन बमोजिम दर्ता भएको उद्योगलाई देहाय बमोजिमको मूल्य अभिवृद्धि कर र भन्सार महसुल छुट दिइनेछ :-<br>(क) मुलुकभित्र उत्पादित वस्तु विदेशमा निर्यात गरेमा विदेशमा निर्यात गरेको परिमाणको आधारमा त्यस्तो उत्पादनमा लागेको मूल्य अभिवृद्धि कर त्यस्तो उत्पादन गर्ने उद्योगलाई फिर्ता दिइनेछ ।<br>(ख) बण्डेड वेयर हाउस वा नगद धरौटी (पासबुक) को सुविधा नलिएका उद्योगहरुले निर्यात गरेको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको समदर निर्धारण गरी ड्युटी ड्र ब्याकको रकम फिर्ता गरिनेछ ।<br>(ग) बण्डेड वेयर हाउसको इजाजत नलिएका उद्योगहरूले आफ्ना उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैकिङ्ग प्रणालीको माध्यमबाट निर्यात गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ र नेपालमा उत्पादन नहुने प्याकेजिङ्ग सामग्री समेत आयात गर्दा लाग्ने भन्सार महसुल तोकिएको शर्त र कार्यविधिको अधीनमा रही धरौटी राखी आयात गर्न पाउनेछ ।<br>(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा उत्पादन नहुने प्याकेजिङ्ग सामग्रीको हकमा विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी सुविधा दिन सिफारिस गरेमा मात्र त्यस्तो उद्योगले खण्ड (ग) बमोजिमको सुविधा पाउनेछ ।<br>(ङ) कुनै उद्योगले आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ्ग सामग्रीमा लाग्ने भन्सार महसुल सामान्यतः त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको आयातमा लाग्ने भन्सार दर भन्दा एक तह कम हुनेछ ।<br>(च) उद्योगले आफ्नो व्यावसायिक प्रयोजनको लागि आयात गर्ने मेसिनरी, ट्रान्सफर्मर, दश किलोवाट वा सोभन्दा बढी क्षमताको जेनेरेटर र औद्योगिक उपकरणमा न्यूनतम दरमा भन्सार महसुल लाग्नेछ ।<br>(छ) गुणस्तर मापन गर्ने प्रयोगशालाले गुणस्तर मापन गर्ने प्रयोजनका लागि आयात गर्ने मेशिनरी तथा वैज्ञानिक उपकरण र उद्योगले अनुसन्धान तथा विकासको लागि आयात गर्ने मेशिनरी तथा उपकरणमा न्यूनतम दरमा भन्सार महसुल लाग्नेछ । |
| ३. | दफा २४ | **लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत :**<br>(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन ।<br>(२) यो ऐन प्रारम्भ हुदाँका बखत सञ्चालनमा रहेका लघु उद्यमलाई यो ऐन जारी भएको मितिले र यस ऐन बमोजिम दर्ता भई सञ्चालनमा आएको लघु उद्यमलाई व्यवसाय वा कारोबार शुरु गरेको मितिले न्यूनतम पाँच वर्षसम्म आयकर छुट प्राप्त हुनेछ । |
| ४. | दफा २५ | **महिला उद्यमीका लागि थप सुविधा :**<br>(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानून बमोजिम लाग्ने उद्योग दर्ता दस्तूरमा पैंतीस प्रतिशत छुट हुनेछ ।<br>(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानून बमोजिम लाग्ने दस्तूरमा बीस प्रतिशत छुट हुनेछ ।<br>(३) महिला उद्यमीले औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहेमा औद्योगिक क्षेत्रभित्रको स्थान प्राथमिकताका आधारमा तोकिए बमोजिम उपलब्ध गराइनेछ ।<br>(४) महिला उद्यमीको मात्र स्वामित्व रहेको उद्योगले आफ्नो औद्योगिक उत्पादन निर्यात गर्ने प्रयोजनको लागि कर्जा माग गरेमा महिला उद्यमीको व्यवसायको वित्तीय स्थितिको आधारमा तोकिए बमोजिम निर्यात कर्जा उपलब्ध गराउन सकिनेछ । |
| ५. | दफा २६ | **औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगहरुका सम्बन्धमा विशेष व्यवस्था :**<br>औद्योगिक क्षेत्रभित्र सञ्चालनमा आएका उद्योगमा प्रचलित कानून बमोजिम स्थानीय स्तरमा लाग्ने एकीकृत सम्पत्ति कर लगायतका स्थानीय करहरु लाग्ने छैन । |
| ६. | दफा २७ | **थप सुविधा तथा सहुलियत :**<br>देहायका उद्योगहरुलाई दफा २२, २३ र २४ मा उल्लिखित छुट, सुविधा तथा सहुलियतका अतिरिक्त देहाय बमोजिमका थप सुविधा तथा सहुलियत दिन सकिनेछ :-<br>(क) वन पैदावारमा आधारित उद्योगलाई कबुलियत वा लिजमा आवश्यक शर्त तोकी कुनै खास क्षेत्रको वन प्रचलित कानून बमोजिम भोगाधिकार उपलब्ध गराउन सकिनेछ । |

| | | |
|---|---|---|
| | | (ख) उद्योगले आफ्नो प्रयोजनको लागि उत्पादन गरेको विद्युतमा प्रचलित कानून बमोजिम लाग्ने दस्तुर वा रोयल्टी लाग्ने छैन ।<br>(ग) उद्योगले आफ्नो प्रयोजनको लागि उत्पादन गरेको विद्युत बढी भई बिक्री गर्न चाहेमा बिक्री गरिने विद्युतको परिमाणमा आपसी सहमतिबाट कायम भएको दरमा प्रचलित कानून बमोजिम बिक्री गर्न सक्नेछ ।<br>(घ) निर्यातमूलक उद्योग, विशेष आर्थिक क्षेत्र वा सरकारी वा निजी औद्योगिक क्षेत्रमा स्थापना हुने तोकिए बमोजिमका उद्योगलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।<br>(ङ) राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग वा स्वदेशी कच्चा पदार्थ, श्रम र सीपको अधिकतम उपयोग वा नेपालभित्रै प्रविधि वा वस्तुको आविष्कार गरी स्थापना भएका उद्योगहरुको लागि बोर्डको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत दिन सक्नेछ ।<br>(च) विद्युत आपूर्ति नभएको समयको अनुपातका आधारमा उद्योगले तिर्ने विद्युत महसुलमा लागि आएको डिमाण्ड चार्ज तोकिएको आधारमा तोकिएको कार्यविधि अपनाई नेपाल सरकारले छुट दिन सक्नेछ ।<br>(छ) अति अविकसित क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी, लघु उद्यम, घरेलु र साना उद्योगलाई बीउ पूँजी (सिड क्यापिटल) को रुपमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।<br>(ज) विदेशी लगानीमा सञ्चालित उद्योगलाई नयाँ वस्तुको उत्पादन तथा बजार विकास र प्रवर्द्धन गर्नका लागि त्यस्तो उद्योगले विदेशस्थित मूल कम्पनीबाट उत्पादित सामानहरु तोकिए बमोजिमको शर्त र सीमाभित्र रही निश्चित अवधिका लागि आयात गर्ने अनुमति प्रदान गर्न सकिनेछ । |
| ७. | दफा २८ | **जग्गा सम्बन्धी व्यवस्था :**<br>यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्नु पर्नेछ ।<br>तर तोकिए बमोजिमका उद्योग सञ्चालन गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेमा उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्नेछ । |
| ८. | दफा २९ | **लिजमा जग्गा उपलब्ध गराउने :**<br>(१) राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफूलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलब्ध गराउन सम्बन्धित उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कारबाही अगाडि बढाउन मन्त्रालयमा पेश गर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएको मितिले छ महिनाभित्र नेपाल सरकारले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालनको प्रयोजनको लागि सम्बन्धित उद्योगलाई लिजमा उपलब्ध गराउन सक्नेछ ।<br>(४) उपदफा (३) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलब्ध गराए बापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्बन्धी अन्य शर्तहरु नेपाल सरकार र सम्बन्धित उद्योग बीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।<br>(५) यस दफा बमोजिम लिजमा जग्गा प्राप्त गरी सञ्चालन भएको उद्योग कुनै कारणवश सञ्चालन हुन नसकेमा उपदफा (३) बमोजिम नेपाल सरकारले उपलब्ध गराएको जग्गाको लिज सम्झौता स्वतः रद्द हुनेछ र त्यस्तो जग्गा नेपाल सरकारले फिर्ता लिनेछ । |
| ९. | दफा ३० | **जग्गाको अधिकतम हदबन्दीमा छुट :**<br>(१) कुनै उद्योगलाई आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम राख्न पाउने जग्गाको अधिकतम हदभन्दा बढी भएमा सो बढी भएसम्मको जग्गा राख्ने छुट पाउन त्यस्तो उद्योगले उद्योग दर्ता गर्ने निकायमार्फत नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा उद्योगको आवश्यकताको आधारमा नेपाल सरकारले प्रचलित कानून बमोजिम तोकिएको शर्तको अधीनमा रही तोकिएको हदसम्मको जग्गा राख्न पाउने गरी छुट दिन सक्नेछ । |
| **भन्सार ऐन, २०६४** | | |
| १. | दफा (११) को उपदफा (२) | **बैंक जमानत सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा प्रदान गर्न सक्ने :**<br>कुनै उद्योगले मालवस्तु तयार गरी निकासी गर्ने प्रयोजनको लागि पैठारी गर्ने कच्चापदार्थ वा सहायक कच्चापदार्थ वा करमुक्त पसल सञ्चालनको लागि पैठारी |

| | | |
|---|---|---|
| | | हुने मालवस्तु तोकिएको शर्तबमोजिम बैङ्क जमानत सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा नेपाल सरकारले तोकिएबमोजिम प्रदान गर्न सक्नेछ ।<br>तर मदिरा, चुरोट वा अन्य सूर्तीजन्य पदार्थ निकासी गर्ने उद्योगलाई यो सुविधा दिइने छैन । |
| २. | दफा (१२) को उपदफा (१) | **विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले पैठारी तथा निकासी गर्ने मालवस्तुमा नेपाल सरकारले भन्सार महसुल छुट तथा अन्य सुविधा दिने :**<br>विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले पैठारी तथा निकासी गर्ने देहायका मालवस्तुमा नेपाल सरकारले बैङ्क जमानतमा भन्सार महसुल छुट तथा अन्य सुविधा प्रदान गर्नेछ :<br>(क) निकासी गर्ने तयारी मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामग्री एवं उत्पादनमा प्रयोग हुने अन्य पदार्थ ,<br>(ख) उद्योगको लागि आवश्यक पर्ने प्लान्ट, मेशिनरी, यन्त्र उपकरण, औजारहरु तथा पार्टपुर्जा र उद्योगको आकार र प्रकृतिको आधारमा तीनवटासम्म सवारी साधन । |
| ३. | दफा (१२) को उपदफा (२) | कुनै पैठारीकर्ताले पैठारी गरेको मालवस्तु विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगलाई तोकिएबमोजिम बिक्री गरेमा निजले त्यस्तो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरेको रहेछ भने भन्सार कार्यालयले निजलाई त्यस्तो भन्सार महसुल तोकिएबमोजिम फिर्ता दिनेछ । |
| ३. | दफा (१२) को उपदफा (३) | विशेष आर्थिक क्षेत्रबाहिर रहेको कुनै उद्योगले उत्पादन गरेको तयारी मालवस्तु विशेष आर्थिक क्षेत्रभित्र अवस्थित उद्योगलाई बिक्री गरेमा सो बिक्रीलाई निकासी गरेसरह मानी निकासी गर्दा पाएसरहको भन्सार महसुल तथा अन्य सुविधा प्रदान गरिनेछ । |
| ४. | दफा (१२) को उपदफा (४) | विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले भन्सार महसुल छुटमा पैठारी भएका कच्चा पदार्थबाट तयार भएका मालवस्तु सम्बन्धित उद्योगले नेपालमा खपत गर्नेगरी बिक्री गरेमा त्यस्तो मालवस्तुमा प्रयोग भएको कच्चा पदार्थमा लाग्ने महसुल बुझाएपछिमात्र त्यस्तो मालवस्तु विशेष आर्थिक क्षेत्रबाहिर लैजान दिइनेछ । |
| ५. | दफा (१२) को उपदफा (५) | विशेष आर्थिक क्षेत्रमा रहेको उद्योगले विशेष आर्थिक क्षेत्रभित्र वा बाहिर कसैलाई महसुल छुटमा आयात गरेको मालवस्तुको स्वामित्व हस्तान्तरण गर्ने सम्बन्धमा प्रक्रिया तोकी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ। त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ । |
| **विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९** | | |
| १. | दफा (५) को उपदफा (२) | **सुविधा तथा सहुलियत :**<br>विदेशी मुद्रामा लगानी गर्ने विदेशी तथा लगानीकर्ताले देहाय वमोजिमको रकम विदेशी मुद्रामा नेपाल वाहिर लैजान पाउनेछः<br>(क) विदेशी लगानीको केही वा सबै भागको शेयर विक्रीबाट प्राप्त रकम,<br>(ख) विदेशी लगानी वापतको लाभ वा लाभांशको रुपमा प्राप्त रकम ।<br>(ग) विदेशी ऋणको साँवा र ब्याजको भुक्तानीको रुपमा प्राप्त रकम । |
| २. | दफा (५) को उपदफा (३) | विदेशी लगानीकर्ताले प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त रकम सम्बन्धित सम्झौतामा उल्लेखित मुद्रामा नेपाल बाहिर लैजान पाउनेछ । |
| ३. | दफा (६) को उपदफा (१) र (२) | **भीसा सम्बन्धी व्यवस्था :**<br>नेपालमा लगानी गर्ने उद्देश्यले अध्ययन एवं अनुसन्धान गर्न नेपालमा आएका विदेशी नागरिकलाई ६ महिनासम्मको गैर पर्यटक भीसा दिइनेछ ।<br>विदेशी लगानीकर्ता वा त्यस्तो विदेशी लगानीकर्ताको आश्रित परिवार वा अधिकृत प्रतिनिधि तथा त्यस्तो अधिकृत प्रतिनिधिको आश्रित परिवारलाई विदेशी लगानी कायम रहेसम्म नेपालमा बस्न व्यावसायिक भिसा उपलब्ध गराइने छ ।<br>तर एकैपटक कम्तीमा एक लाख अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रामा लगानी गर्ने विदेशी लगानीकर्ता र निजको आश्रित परिवारलाई त्यस्तो लगानी कायम रहेसम्म आवासीय भिसा उपलब्ध गराइनेछ । |

**समाप्त**